जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २३६ | २०८२ साल चैत २८ गते शनिवार | Saturday-11-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## स्वार्थ र चाप्लुसीको भरमा सञ्चालित हुँदै पत्रकार महासंघका शाखा

***शु.आ. सम्वाददाता***
***बारा, २७ चैत***

नेपाल पत्रकार महासंघका विभिन्न शाखाहरू स्वार्थ समूह, गुटगत राजनीति र चाप्लुसीको प्रभावमा सञ्चालन भइरहेको भन्दै सरोकारवालाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् । पत्रकारिता जस्तो संवेदनशील र जिम्मेवार क्षेत्रलाई संस्थागत रूपमा सुदृढ बनाउनु पर्ने महासंघभित्रै पारदर्शिता र निष्पक्षता कमजोर बन्दै गएको आरोप उठ्न थालेको छ ।



केही शाखाहरूमा नेतृत्व चयनदेखि कार्यक्रम सञ्चालनसम्ममा सीमित समूहको प्रभाव देखिएको बताइन्छ । महासंघभित्र सक्रिय पत्रकारहरूका अनुसार योग्य, सक्रिय र इमान्दार पत्रकारहरूलाई पाखा लगाउँदै नजिकका व्यक्तिहरूलाई प्राथमिकता दिने प्रवृत्ति बढ्दो छ । "पत्रकारको हकहितका लागि बनेको संस्था नै व्यक्तिगत स्वार्थ पूरा गर्ने माध्यम बन्न थालेको छ," एक सदस्यले असन्तुष्टि व्यक्त गरे ।

स्रोतका अनुसार महासंघका कतिपय शाखाहरूमा निर्णय प्रक्रिया पारदर्शी नभएको, आर्थिक गतिविधिमा समेत स्पष्टता नदेखिएको तथा अवसर वितरणमा पक्षपात हुने गरेको गुनासो छ । तालिम, भ्रमण, सिफारिस र विभिन्न कार्यक्रममा सहभागी गराउँदा समेत गुटगत आधारमा चयन हुने गरेको आरोप लाग्दै आएको छ ।

यसैबीच, केही पत्रकारहरूले चाप्लुसी र व्यक्तिगत नजिकको सम्बन्धकै आधारमा जिम्मेवारी र अवसर पाउने प्रवृत्ति मौलाउँदै गएको बताएका छन् । यसले पेशागत मर्यादा र पत्रकारिताको मूल मर्ममाथि नै प्रश्न उठाएको उनीहरूको भनाइ छ ।

यस्ता गतिविधिले नयाँ पुस्ताका पत्रकारहरू निरुत्साहित हुँदै गएको र पत्रकारितामा व्यावसायिकता कमजोर बन्ने खतरा बढेको विश्लेषकहरू बताउँछन् । "यदि समयमै सुधार गरिएन भने महासंघप्रति विश्वास गुम्ने अवस्था आउन सक्छ," एक वरिष्ठ पत्रकारले चेतावनी दिए ।

सरोकारवालाहरूले महासंघभित्र पारदर्शिता, निष्पक्षता र उत्तरदायित्व सुनिश्चित गर्न नेतृत्व तहलाई आग्रह गरेका छन् । साथै, गुटगत स्वार्थभन्दा माथि उठेर संस्थालाई पेशागत हिततर्फ केन्द्रित गर्नुपर्नेमा जोड दिइएको छ । पत्रकार महासंघ जस्तो छाता संगठनलाई व्यक्तिगत स्वार्थको केन्द्र होइन, पत्रकारहरूको साझा आवाज र अधिकार सुनिश्चित गर्ने संस्थाका रूपमा विकास गर्न आवश्यक रहेको धारणा व्यक्त गरिएको छ ।

## पर्सामा 'घुमुवा आतङ्क' बढ्दा ग्रामीण नाकाबाट तस्करी मौलायो

***शु.आ. सम्वाददाता***
***पर्सा, २७ चैत***

नेपाल-भारत सीमा क्षेत्रसँग जोडिएको पर्सा जिल्लाका ग्रामीण नाकाहरूमा तस्करी गतिविधि झनै सक्रिय बन्दै गएको भन्दै स्थानीयस्तरमा गम्भीर चिन्ता व्यक्त गरिएको छ । विशेषगरी 'घुमुवा' भनिने सादा पोशाकमा खटिने प्रहरी संयन्त्रप्रति नै प्रश्न उठ्दै जाँदा तस्करी नियन्त्रण प्रणाली कमजोर बनेको आरोप तीव्र बनेको छ ।



भिस्वा, सबैठवा र अमरपट्टि जस्ता ग्रामीण नाकाबाट दैनिक रूपमा अवैध सामान ओसारपसार भइरहेको स्थानीयको दाबी छ । उपभोग्य वस्तु, कपडा लगायतका सामग्री खुल्लमखुल्ला भित्रिने गरेको आरोप लगाउँदै स्थानीयवासीले प्रहरी प्रशासनप्रति असन्तुष्टि जनाएका छन् । "सीमा क्षेत्रमा राज्यको उपस्थिति देखिँदैन, बरु तस्करी गर्नेहरू नै शक्तिशाली देखिन्छन्," एक स्थानीयले आक्रोश व्यक्त गरे ।

स्थानीयका अनुसार सूचना संकलन र अपराध नियन्त्रणका लागि परिचालित 'घुमुवा' नै आर्थिक लेनदेनमा संलग्न हुँदा तस्करी नियन्त्रण प्रभावकारी हुन सकेको छैन । केही प्रहरीसँग तस्कर समूहको मिलेमतो रहेको आशंका व्यक्त गर्दै उनीहरूले यसले तस्करीको 'लाइन सुरक्षित' बनाएको आरोप लगाएका छन् । अमरपट्टि नाका हुँदै भारतबाट अवैध रूपमा भित्रिने कपडा बाराको जितपुरसम्म सहजै पुग्ने गरेको तथ्यसमेत बाहिर आएको छ । तस्करहरूले दर्जनौं मोटरसाइकल प्रयोग गरी रातको समयमा सामग्री ओसारपसार गर्ने गरेका छन् । सादा पोशाकमा खटिएका घुमुवा कर्मचारीहरू नै रकम असुलीमा केन्द्रित भएको गम्भीर आरोप स्थानीयले लगाएका छन् ।

जिल्ला प्रहरी कार्यालयबाट परिचालित संयन्त्रले जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न नसक्दा सीमा क्षेत्रमा अपराध र तस्करी बढ्दै गएको सरोकारवालाहरू बताउँछन् । "यदि तत्काल कडा कदम चालिएन भने पर्सा तस्करीको सुरक्षित ट्रान्जिट केन्द्र बन्ने खतरा बढेको छ," एक जानकारले चेतावनी दिए ।

स्थानीयवासीहरूले गृहमन्त्रालय तथा उच्च सुरक्षा निकायको ध्यानाकर्षण गराउँदै घुमुवा संयन्त्रमाथि निष्पक्ष छानबिन, तस्कर गिरोहको पहिचान तथा संलग्न प्रहरीमाथि कडा कारबाहीको माग गरेका छन् ।

सीमा क्षेत्रमा कानुनी शासन कमजोर बन्दै जाँदा राज्यप्रतिको जनविश्वासमा समेत गम्भीर असर पर्ने खतरा देखिएको भन्दै उनीहरूले तत्काल प्रभावकारी हस्तक्षेपको आवश्यकता औंल्याएका छन् ।

## यातायात व्यवस्था कार्यालय गौरमा 'हेल्प डेस्क' प्रभावकारीः बिचौलियाको जालो तोडिँदै, सेवाग्राही उत्साहित

***शु.आ. सम्वाददाता***
***रौतहट, २७ चैत***

रौतहटको सदरमुकाम गौरस्थित यातायात व्यवस्था कार्यालयको सेवा प्रवाहमा व्यापक सुधार आएको छ । कार्यालयले सेवाग्राहीको सहजताका लागि 'हेल्प डेस्क' (सहायता कक्ष) सञ्चालनमा ल्याएपछि कार्यालय परिसरमा वर्षौंदेखि जरा गाडेर बसेका बिचौलियाहरूको सक्रियता शून्यमा झरेको छ ।



पछिल्लो समय कार्यालय प्रमुख अमिन्द्र दासको सक्रियता र सुधारमुखी कदमका कारण सेवाग्राहीले विना झन्झट छिटो र छरितो रूपमा सेवा पाउन थालेका हुन् । विगतमा सामान्य कामका लागि पनि बिचौलियाको भर पर्नुपर्ने र अतिरिक्त रकम तिर्नुपर्ने बाध्यता रहेकोमा अहिले हेल्प डेस्कले कर्मचारीहरूकै प्रत्यक्ष सहयोग उपलब्ध गराएपछि त्यो अवस्था अन्त्य भएको हो । कार्यालयमा कामको सिलसिलामा भेटिएका यमुनामाई गाउँपालिका वडा नं ४ सरुअठाका सेवाग्राही बिकी रामले कार्यालयको बदलिएको स्वरूप र कार्यशैलीप्रति खुसी व्यक्त गरे । उनले भने पहिले यहाँ आउँदा को कर्मचारी हो र को बिचौलिया हो भनेर छुट्याउनै गाह्रो हुन्थ्यो । अहिले हेल्प डेस्क स्थापना भएपछि हामीलाई कुन कोठामा जाने र के गर्ने भन्ने सजिलै थाहा हुन्छ । हाकिम अमिन्द्र दासले सेवाग्राहीलाई प्रत्यक्ष भेटेर समस्या सुन्ने र छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनुभएकोमा हामी धेरै खुसी छौं । कार्यालय प्रमुख अमिन्द्र दासका अनुसार सरकारी कार्यालयमा हुने ढिलासुस्ती र बिचौलियाको प्रभावलाई पूर्ण रूपमा नियन्त्रण गरी सुशासनको अनुभूति दिलाउन हेल्प डेस्कलाई प्राथमिकता दिइएको हो । हाम्रो मुख्य उद्देश्य भनेको सेवाग्राहीलाई राज्यले दिने सेवा सहज रूपमा पुऱ्याउनु हो, प्रमुख दासले भने, सेवाग्राही आफैं सचेत भएर हेल्प डेस्कको सहयोग लिँदा बिचौलियाले ठग्ने मौका पाउँदैनन् ।यातायात कार्यालयमा आएको यो सकारात्मक परिवर्तनले गर्दा टाढा-टाढाबाट आउने सेवाग्राहीहरूले राहत महसुस गरेका छन् । कार्यालयले आगामी दिनमा थप प्रविधिमैत्री सेवा विस्तार गर्ने र प्रशासनिक प्रक्रियालाई अझ सरल बनाउने लक्ष्य राखेको छ ।

## निलम्बित मेयरको गाडी चलाउने चालकलाई पालिकाबाटै तलब

***शु.आ. सम्वाददाता***
***रौतहट, २७ चैत***




रौतहटको फतुवा विजयपुर नगरपालिकामा ठूलो अनियमितता बाहिरिएको छ । नगरपालिकामा सवारी चालक पदमा करारमा नियुक्त भएका चिरञ्जीवी कुशवाहा ले घरमै बसेर तलब बुझिरहेको तथ्य सार्वजनिक भएको हो । स्थानीय समाजसेवी प्रदीप थारु ले लगातार १० दिनसम्म नगरपालिकामा अनुगमन (छड्के) गर्दा कुशवाहा महिनामा एक पटक मात्रै कार्यालय आएर हाजिरी गर्ने र नियमित तलव लिने गरेको भेटिएको बताएका छन् । स्रोतका अनुसार उनी विगत करिब २ वर्षदेखि कार्यालय नआई तलब लिँदै आएका छन् ।

कुशवाहा २०७४ सालदेखि फतुवा विजयपुर नगरपालिकामा करारमा सवारी चालकको रूपमा कार्यरत छन् । तत्कालीन नगरप्रमुख गोपाल प्रसाद यादव निर्वाचित भएपछि चुनावअघिको प्रतिबद्धता अनुसार उनलाई उक्त पदमा नियुक्त गरिएको थियो । उनले सुरुवातमा नगरपालिकाको एम्बुलेन्स चलाउने काम गर्थे । तर नगरप्रमुख यादव निलम्बनमा परेपछि कुशवाहाले नियमित काम छाडेर घरमै बस्न थालेको आरोप छ । उनी हप्तामा एक पटक मात्र हाजिरी गर्न जाने र बाँकी समय निजी काममा व्यस्त रहने कर्मचारीहरूले बताएका छन् । अझ उनले "म मेयर साहेबको मान्छे हुँ" भन्दै धम्की दिने र कसैले केही गर्न नसक्ने भन्दै गाउँमा धाक लगाउने गरेको पनि आरोप लागेको छ ।

नगरपालिकामा एउटा मात्रै एम्बुलेन्स भए पनि दुई जना चालक–हरेन्द्र यादव र चिरञ्जीवी कुशवाहा–लाई तलब दिँदै आएको छ । तर कुशवाहाले नगरपालिका नआई निलम्बित नगरप्रमुख यादवको निजी सवारी चलाउँदै पनि नगरपालिका बाटै सेवा-सुविधा लिइरहेको विषयले थप प्रश्न खडा गरेको छ । जब समाजसेवी थारुले फोनमार्फत किन कार्यालय नआएको भनेर सोध्दा, कुशवाहाले "म मेयर साहेबको गाडी चलाउँछु" भन्दै फोन काटेका थिए । झण्डै चार वर्षदेखि निलम्बनमा रहेका नगरप्रमुख यादवसँग सम्बन्धित व्यक्तिले नगरपालिकाबाट तलब बुझिरहनु, र त्यसमा कसको संरक्षण छ भन्ने प्रश्न अहिले स्थानीय तहमा गम्भीर रूपमा उठेको छ ।

रौतहटमा बारम्बार विवादमा आउने फतुवा विजयपुर नगरपालिका विकासभन्दा बढी अनियमितता र भ्रष्टाचारका कारण चर्चामा रहने गरेको छ । तर यति ठूलो प्रकरण सार्वजनिक हुँदासमेत सम्बन्धित निकायको ध्यानाकर्षण हुन नसक्नुले प्रशासनिक जवाफदेहितामाथि थप प्रश्न चिन्ह खडा गरेको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### सिमानाकामा तस्करी मौलाउँदै– नयाँ सरकारमाथि गम्भीर प्रश्न

देशमा नयाँ सरकार गठन भएको केही समयमै सिमानाकामा तस्करी पुनः मौलाउन थालेको संकेत देखिनु गम्भीर विषय हो । सुरक्षा निकायको उपस्थिति हुँदाहुँदै पनि अवैध कारोबार बढ्नुले राज्य संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

नेपाल-भारत सीमावर्ती क्षेत्रहरुमा दैनिक उपभोग्य वस्तुदेखि लिएर कपडा, मदिरा, इन्धन तथा अन्य अवैध सामग्रीको ओसारपसार बढिरहेको स्थानीय स्रोतहरुको भनाइ छ । कतिपय स्थानमा तस्करी नियन्त्रणका नाममा हुने अनुगमन कागजमै सीमित भएको आरोपसमेत लाग्न थालेको छ ।

तस्करी केवल आर्थिक अपराध मात्र होइन, यसले राज्यको राजस्वमा प्रत्यक्ष घाटा पुर्‍याउनुका साथै वैध व्यवसायलाई समेत विस्थापित गर्ने खतरा बोकेको हुन्छ । स्थानीय बजारमा अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुनु, राजस्व संकलन घट्नु र सीमावर्ती क्षेत्रमा अपराध गतिविधि बढ्नु यसको दीर्घकालीन असर हुन् ।

नयाँ सरकारका लागि यो अवस्थाले स्पष्ट सन्देश दिएको छ–घोषणा र प्रतिबद्धता मात्र होइन, कार्यान्वयनको स्तरमा कडाइ आवश्यक छ । सीमामा तैनाथ निकायहरुको जिम्मेवारी, निगरानी प्रणालीको प्रभावकारिता र राजनीतिक हस्तक्षेपमुक्त कार्य वातावरण सुनिश्चित नगरी तस्करी नियन्त्रण सम्भव देखिँदैन ।

सरकारले यदि साँच्चै सुशासन र आर्थिक पारदर्शिताको लक्ष्य लिएको हो भने सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार रोक्न शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्छ । साथै, स्थानीय तह, सुरक्षा निकाय र प्रशासनबीच समन्वय मजबुत बनाउनु आजको आवश्यकता हो ।

# नयाँ सरकारको वैदेशिक नीति



प्रेमलकुमार खनाल

नेपालको भूराजनीतिमा चुनौतीमात्र छैन । यहाँ अवसरहरू पनि लुकेका छन् ।

अब भने पाँच वर्ष स्थिर सरकार चल्नेछ। सरकार सञ्चालनको बलियो आधार देखिएको छ । राजनीतिक स्थायित्वको नयाँ आशा पलाएको छ।

वैदेशिक सम्बन्धको आधार : सरकारको नीतिले वैदेशिक सम्बन्ध सुधार्ने संकेत पनि दिइसकेको छ । नेपालको स्वतन्त्रता र सार्वभौमसत्ता जोगाउनुपर्छ । भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा गर्नुपर्छ। राष्ट्रिय हितलाई सर्वोपरि ध्यान दिनुपर्छ । सार्वभौमिक समानताको आधारमा सम्बन्ध चाहिन्छ । विश्व समुदायमा राष्ट्रिय सम्मान बढाउनुपर्छ। राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध यतै निर्देशित हुनेछ। परराष्ट्र नीति स्वतन्त्र रूपमा सञ्चालन हुनुपर्छ। संयुक्त राष्ट्रसंघको वडापत्र पालना हुनुपर्छ । असंलग्नता र पञ्चशील यसको आधार हो । तर यतिबेला अनेक आशंका पनि छन् ।

भूराजनीतिक दबाबमा सुरक्षा चुनौती : नयाँ सरकारले राष्ट्रिय स्वाधीनता जोगाउला ? धेरैले यस्तो प्रश्न गरिरहेका छन् । शक्ति राष्ट्रको दबाब बढ्ने डर छ । नेपाल भूराजनीतिक तनावमा फसेको देखिन्छ । शक्ति राष्ट्रको संघर्षले हामी प्रभावित छौं । अमेरिकाले पनि रास्वपाको जितमा बधाई दियो ।

सरकार गठनमा उसले खुसी व्यक्त गर्‍यो । सुरक्षा क्षेत्रमा मिलेर काम गर्ने भनियो। क्षेत्रीय सुरक्षाबारे मिलेर काम गर्ने प्रस्ताव आयो । यसले सुरक्षाका विषयमा आशंका उब्जाएको छ । नेपालका दुई छिमेकी भारत र चीन हुन् । भारतले इन्डो-अमेरिकन रणनीति अपनाएको छ । उसले नेपाललाई सोही नजरले हेर्छ। अंग्रेज हटेपछि भारत स्वतन्त्र भयो । तर उसमा उपनिवेशवादी सोच अझै छ।

सन् १९५० को असमान सन्धि : राणा र कांग्रेसले भारतसँग सम्झौता गरे । सन् १९५० को सन्धि अपमानजनक छ । यो सन्धि अझैसम्म कायम छ । यसले नेपाली सार्वभौम अधिकार कुण्ठित गर्छ । भारतीय उत्पादनलाई नेपाल सरह मानिन्छ । हतियार खरिदमा भारतको स्वीकृति चाहिन्छ। अन्य मुलुकबाट हतियार किन्न पाइँदैन । नेपालको अन्तर्राष्ट्रिय राजनीतिमा भारत हाबी छ। जलस्रोतमा भारतको अग्राधिकार छ । यो सन्धि राष्ट्रहित विपरीत छ । यो असमान सन्धिको चर्चा पुरानो हो। मनमोहन अधिकारीले पहिलोपटक कुरा उठाए । २०५१ सालमा यो विषय उठेको थियो। नरसिंह राव समक्ष पुनरावलोकनको प्रस्ताव राखियो । तर नौ महिनामै सरकार ढल्यो । २०५३ मा लोकेन्द्रबहादुर चन्दले कुरा उठाए । भारतले सधैं यसलाई बेवास्ता गरिरह्यो । २०५६ मा गिरिजाप्रसाद कोइरालाले भारत भ्रमण गरे । सचिवहरूको बैठक बोलाउने संयुक्त निर्देशन दिए। २०५८ मा शेरबहादुर देउवाले भ्रमण गरे ।

परराष्ट्र नीति र ईपीजी प्रतिवेदन : सचिवस्तरीय वार्तालाई निरन्तरता दिने सहमति भयो । २०६४ मा प्रचण्ड भारत भ्रमणमा गए। सन् १९५० को सन्धि सुधार्ने भनियो। अन्य सम्झौता पुनरावलोकन गर्ने सहमति भयो । २०६५ मा माधव नेपालले पहल गरे। २०६७ मा बाबुराम भट्टराईले ईपीजी सोचे । २०७३ मा केपी ओलीको पालामा बन्यो। नेपालबाट भेषबहादुर थापा संयोजक थिए। भारतबाट भगत सिंह संयोजक बनेका थिए । ईपीजी गठन भएको १० वर्ष भयो । भारत सरकारले ईपीजी रिपोर्ट बुझ्न मानेन । यसले गर्दा सम्बन्धका उल्झन सुल्झिएनन् । संविधानले सन्धि पुनरावलोकन गर्ने भनेको छ। समानता र पारस्परिक हितको आधार चाहिन्छ । तर सरकारहरूबाट प्रभावकारी पहल भएन। नेपाली भूमिमा भारतीय सुरक्षा फौज छ । कालापानी र लिपुलेकमा अतिक्रमण भएको देखिन्छ । लिम्पियाधुरामा पनि भारतीय फौज तैनाथ छ। सुस्ता क्षेत्रमा हजारौं हेक्टर जमिन मिचिएको छ ।

असंलग्न परराष्ट्र नीतिलाई बलियो बनाउनुपर्छ । छिमेकीसँगको सम्बन्ध सुधार गर्नुपर्छ । प्रभावकारी आर्थिक कूटनीति आजको माग हो ।

विदेश नीति आर्थिक विकाससँग जोडिन्छ । विदेशी लगानी भित्र्याउन पहल गर्नुपर्छ। आर्थिक कूटनीतिलाई सबल बनाउनुपर्छ । कूटनीतिक नियोगमा विज्ञ व्यक्ति चाहिन्छ।

सीमा अतिक्रमणसँगै डुबान समस्या : भारतले सीमा क्षेत्रमा अग्ला बाँध बनायो । पूर्व-पश्चिम क्षेत्रमा २२ बाँध बनेका छन्। यसले गर्दा बर्खामा नेपाली भूमि डुब्छ। हरेक वर्ष धनजनको ठूलो क्षति हुन्छ। व्यापार नीति पनि निकै असमान छ। नेपाली वस्तुलाई भारतमा अवरोध गरिन्छ। भारतीय उत्पादनले नेपाली बजार भरिन्छ । नेपालको जलविद्युत् उत्पादनमा भारतको पकड छ । विगतका जलविद्युत् सन्धिहरू निकै असमान छन् । कोशी र गण्डक सन्धिमा धोका भयो । टनकपुर र महाकाली सन्धि पनि उस्तै छन् । नेपालले क्षतिपूर्ति र सिँचाइ पाएन । नेपाल रणनीतिक रूपमा महत्वपूर्ण देश हो । हिमालयको काखमा हाम्रो अवस्थिति छ । चीन र भारतको बीचमा छौं। त्यसैले विदेश नीति निकै संवेदनशील छ । वर्तमान विश्वमा शक्ति प्रतिस्पर्धा बढ्दो छ। नेपालले सन्तुलित र स्वतन्त्र नीति चाहियो । राष्ट्रिय हितमा आधारित कूटनीति अपनाउनुपर्छ। भूराजनीतिक अवस्था अवसर र चुनौती दुवै हो।

कूटनीतिक पुल, असंलग्न नीति : नेपाललाई कूटनीतिक पुलको रूपमा हेरिन्छ। सही नीतिले क्षेत्रीय सहकार्य बढ्छ । तर गलत निर्णयले बाह्य दबाब बढ्छ। नेपालले असंलग्न विदेश नीति रोजेको छ । शीतयुद्धमा हामी कुनै गुटमा लागेनौं । असंलग्न आन्दोलनको सिद्धान्त हामीले मान्यौं। यसले हाम्रो सार्वभौमिकता जोगाउन मद्दत गर्‍यो । तर रूस-युक्रेन युद्धमा नीति फेरियो। सरकारले युक्रेनको पक्ष लिएर गल्ती गर्‍यो । असंलग्नताको सिद्धान्तको धज्जी उडाउने काम भयो । नेपाल र भारतको गहिरो सम्बन्ध छ । यो ऐतिहासिक, सांस्कृतिक र आर्थिक हो। खुला सीमा र पारिवारिक सम्बन्ध छ । श्रम र व्यापारले दुवै नजिक छन् । अधिकांश व्यापार भारतसँग हुने गर्छ । ऊर्जा र यातायातमा भारतको भूमिका छ । असमान सन्धि सुधार्न अब ढिलो भयो । व्यापारका अवरोधहरू हटाउनै पर्छ । भूपरिवेष्ठित देशको अधिकार सुरक्षित गर्नुपर्छ ।

समुद्री मार्गमा निर्बाध पहुँच चाहिन्छ । सीमा अतिक्रमणमा कूटनीतिक पहल गरौं ।

चीनसँगको सम्बन्ध : चीनसँगको सम्बन्ध तीव्र रूपमा विस्तार भयो । पूर्वाधार र व्यापारमा सहकार्य बढेको छ। बीआरआईअन्तर्गत धेरै सम्झौता भए। सडक र रेलमार्गका परियोजना तयार छन् । देशमा उत्पादन र रोजगारी बढाउनुपर्छ । नयाँ परियोजनाहरू तत्काल सञ्चालन गर्नुपर्छ । हिमाली क्षेत्रमा कृषिको आधुनिकीकरण चाहिन्छ। काठमाडौं-केरुङ रेलमार्ग र प्रसारण लाइन चाहिन्छ । यसले पर्यटन विकासमा ठूलो टेवा पुग्छ ।

नेपाललाई वैकल्पिक आर्थिक अवसर चाहिन्छ। बीआरआईमा संयुक्त लगानी हुनुपर्छ । नयाँ सरकारले ठोस कदम चाल्नुपर्छ। यसका लागि 'बीआरआई विकास प्राधिकरण' चाहिन्छ। नेपाल 'एक चीन नीति'मा प्रतिबद्ध छ । स्वतन्त्र तिब्बतका गतिविधि रोक्नुपर्छ । दलाई लामाको नाममा हुने काम रोक्नुपर्छ। यसले चीनसँगको सम्बन्ध व्यवस्थित बनाउँछ । आजको विश्व राजनीति निकै जटिल छ। अमेरिका र चीनबीच प्रतिस्पर्धा तीव्र छ।

अमेरिकी रणनीति : अमेरिकी रणनीतिक प्रतिस्पर्धाले एसिया प्रभावित छ । नेपालमा एसपीपी कार्यक्रमको चर्चा भयो । सुरक्षामा आँच आउने सम्झौता गर्नु हुँदैन। हामी पञ्चशीलको सिद्धान्तमा अडिनुपर्छ । असंलग्नता हाम्रो मुख्य परराष्ट्र मार्ग हो। नेपालले सावधानीपूर्वक सन्तुलित कूटनीति अपनाउनुपर्छ। विगतमा हाम्रो परराष्ट्र नीति कमजोर भयो । आन्तरिक राजनीतिक अस्थिरता यसको मुख्य कारण हो । बारम्बार सरकार परिवर्तन हुँदा समस्या भयो । दीर्घकालीन विदेश नीति बन्न सकेन। आर्थिक कूटनीतिलाई सबल बनाउनुपर्छ । कूटनीतिक नियोगमा विज्ञ व्यक्ति चाहिन्छ । योग्य व्यक्तिको नियुक्तिले मात्र नतिजा दिन्छ। नेपाल प्राकृतिक र सांस्कृतिक रूपमा धनी छ।

पर्यटन प्रवर्द्धनसँगै धार्मिक कनेक्टिभिटी : हाम्रो हिमालय र सौन्दर्य अमूल्य छ । सांस्कृतिक विविधताले हामीलाई विश्वमा चिनाउँछ। नेपाल विश्वको प्रमुख पर्यटकीय गन्तव्य हो । सगरमाथाले अन्तर्राष्ट्रियस्तरमा चिनारी दिएको छ । नेपाल गौतम बुद्धको जन्मभूमि हो । यहाँ धार्मिक पर्यटनको ठूलो सम्भावना छ। रेल र सडक सञ्जाल जोड्नुपर्छ । कनेक्टिभिटीले मात्र यो कार्य सफल हुन्छ। हामीले अन्तर्राष्ट्रिय संस्थामा काम गरेका छौं। संयुक्त राष्ट्रसंघमा हाम्रो भूमिका प्रशंसित छ । दूरदर्शी विदेश नीति नै आजको आवश्यकता हो। हामीले भूराजनीतिक अवस्थालाई अवसरमा बदलौं।

निष्कर्ष र भावी दिशा : नेपालको भूराजनीतिमा चुनौतीमात्र छैन। यहाँ अवसरहरू पनि लुकेका छन्। असंलग्न परराष्ट्र नीतिलाई बलियो बनाउनुपर्छ । छिमेकीसँगको सम्बन्ध सुधार गर्नुपर्छ । प्रभावकारी आर्थिक कूटनीति आजको माग हो। मुलुकको आर्थिक विकासलाई गति दिनुपर्छ । राष्ट्रिय हितलाई सुरक्षित बनाउन ध्यान दिऔं । नयाँ सरकारले यसतर्फ दह्रो पाइला चाल्नुपर्छ । समृद्ध नेपाल निर्माणमा सबैको साथ चाहिन्छ। राष्ट्रिय हित नै हाम्रो अन्तिम लक्ष्य हो।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :– +91 8935959150
सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# अमेरिका-इरान वार्ता अन्योलमा

***इस्लामावाद-*** अमेरिका र इरानबीच पाकिस्तानमा हुने भनिएको उच्चस्तरीय वार्ता सुरु नहुँदै अनिश्चिततामा फसेपछि युद्धविरामको भविष्यप्रति नयाँ चिन्ता थपेको छ । वार्ताकारहरूको आगमनबारे कुनै स्पष्ट घोषणा नभएको अवस्थामा दुवै पक्षले एकअर्कामाथि आरोप लगाउँदै परिस्थितिलाई थप जटिल बनाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले रणनीतिक महत्त्व बोकेको स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनमा ल्याउने सहमति उल्लङ्घन गरेको आरोप लगाएका छन् । उता, तेहरानले भने लेबनानमा भइरहेको इजरायली आक्रमणप्रति तीव्र असन्तुष्टि जनाउँदै त्यसलाई पनि युद्धविराम सम्झौताभित्र पर्ने विषय भएको दाबी गरेको छ, जसलाई वासिङ्टनले अस्वीकार गर्दै आएको छ ।

यी तनावका बाबजुद पाकिस्तानले वार्ताको तयारीलाई अघि बढाइरहेको छ । आधिकारिक स्रोतहरूका अनुसार प्रस्तावित छलफलमा इरानको आणविक कार्यक्रम, क्षेत्रीय सुरक्षा र जलडमरूमध्यमार्फत हुने अन्तर्राष्ट्रिय व्यापारको स्वतन्त्र प्रवाहजस्ता संवेदनशील विषयहरू समेटिने अपेक्षा गरिएको थियो । तर इरानले आफ्नो सहभागिता सःशर्त बनाएको सङ्केत दिएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले लेबनानमा इजरायली आक्रमण नरोकिए वार्ता निरर्थक हुने चेतावनी दिए । उनले अमेरिका आफ्ना युद्धविरामसम्बन्धी प्रतिबद्धताहरू विशेषगरी लेबनानको सन्दर्भमा कार्यान्वयन गर्न तयार हुनुपर्ने बताए । इरानी अधिकारीहरूले त इजरायली आक्रमण जारी रहेसम्म इस्लामाबादमा हुने वार्तालाई ‘अर्थहीन’ ठहर गरेका छन् ।

यद्यपि, इरानको रिभोलुसनरी गाड्र्सले आफूहरू युद्धविरामप्रति प्रतिबद्ध रहेको र कुनै पनि देशमा द्वन्द्व सुरु नगरेको दाबी गरेको छ । यसले औपचारिक भनाइ र व्यवहारबीचको दूरीलाई उजागर गरेको छ । सामाजिक सञ्जालमार्फत व्यक्त विचारहरू पनि तनाव बढाउने खालका देखिएका छन् । ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य हुँदै तेल ढुवानीमा अवरोध सिर्जना गरेर ‘धेरै खराब काम’ गरेको आरोप लगाउँदै युद्धविराम उल्लङ्घन भएको बताए ।

विश्वको करिब पाँचौं भाग तेल र ठूलो परिमाणमा ग्यास तथा मल यही मार्गबाट प्रवाह भएकाले यसको प्रभाव विश्व अर्थतन्त्रमा प्रत्यक्ष पर्ने गर्दछ । युद्धविराम घोषणा भएयता त्यहाँबाट सीमित मात्रामा जहाज आवतजावत भएको जनाइएको छ । दुई हप्ते युद्धविराममार्फत हजारौंको ज्यान लिएको द्वन्द्व अन्त्य गर्दै वार्ताको ढोका खोल्ने प्रयास गरिएको थियो ।

तर वर्तमान अन्योलले फेरि हिंसा चर्किने डर बढाएको छ । तेहरानकी एक स्थानीय बासिन्दाले आफू युद्ध पुनः सुरु हुने र वर्तमान शासन दुवैबाट त्रसित रहेको प्रतिक्रिया दिएकी छन् । पाकिस्तानका लागि इरानका राजदूतले आफ्नो प्रतिनिधिमण्डल आगमनसम्बन्धी सामाजिक सञ्जाल पोस्ट हटाएपछि वार्ताको तयारीमा थप अन्योल देखियो ।

यद्यपि अमेरिकी उपराष्ट्रपति जेडी भान्सको नेतृत्वमा प्रतिनिधिमण्डल शनिबार आउने बताइएको छ । प्रतिनिधिमण्डलमा विशेष दूत स्टिभ विटकफ र जारेड कुशनर पनि सहभागी हुने जनाइएको छ । यसैबीच पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले लेबनानमा इजरायली आक्रमणको कडा आलोचना गर्दै सामाजिक सञ्जालमा विवादास्पद अभिव्यक्ति दिएका थिए । उक्त अभिव्यक्तिलाई केही घण्टामै हटाइएको थियो । उक्त अभिव्यक्तिले पाकिस्तानको तटस्थ मध्यस्थकर्ताको भूमिकामाथि प्रश्न उठाएको भन्दै इजरायलले असन्तुष्टि जनाएको छ ।

पाकिस्तानले इजरायललाई औपचारिक मान्यता नदिएको अवस्थाले पनि मध्यस्थताको विश्वसनीयतामा चुनौती थपेको देखिन्छ । उता इरानले लेबनानलाई पनि युद्धविराम सम्झौताभित्र समावेश गर्नुपर्नेमा जोड दिँदै आएको छ । अर्कोतर्फ, क्षेत्रीय सुरक्षा अवस्था थप नाजुक बन्दै गएको छ । शुक्रबार बिहान इजरायलका विभिन्न स्थानहरूमा हवाई आक्रमणको साइरन बजेको छ भने हिजबुल्लाहले इजरायलमाथि ड्रोन र रकेट आक्रमण गरेको जनाएको छ ।

युद्धविराम लागू भएको ४८ घण्टा नबित्दै इजरायलले लेबनानमा गरेको आक्रमणमा ३०० भन्दा बढी मानिसको ज्यान गएको थियो । ट्रम्पले इजरायलले आफ्नो आक्रमण ‘कम गरिरहेको’ दाबी गर्दै प्रधानमन्त्री बेन्जामिन नेतान्याहूबाट संयम अपनाइने आश्वासन पाएको बताए । यद्यपि पश्चिमी कूटनीतिज्ञहरूका अनुसार युरोपेली तथा खाडी राष्ट्रहरूले इजरायलमाथि थप आक्रमण नगर्न दबाब बढाइरहेका छन् ।

यसबीच वासिङ्टनले लेबनानसम्बन्धी मुद्दा छुट्टै वार्तामार्फत समाधान गर्ने सङ्केत दिएको छ । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले अर्को हप्ता यस विषयमा बैठक हुने जानकारी दिएका छन् । यद्यपि सम्बन्धित पक्षहरूले औपचारिक पुष्टि गरेका छैनन् ।

समग्रमा, इस्लामाबादमा हुने भनिएको अमेरिका-इरान वार्ता केवल द्विपक्षीय संवाद मात्र नभई मध्यपूर्वको व्यापक शक्ति सन्तुलन र युद्धविरामको भविष्यसँग गाँसिएको संवेदनशील कडी बनेको छ । अहिलेको आरोप-प्रत्यारोप र क्षेत्रीय तनावले वार्ताको सफलतामाथि गम्भीर प्रश्न उठाएको छ ।




# नारायणी अस्पतालमा मिडिया नियन्त्रणको आरोप

***पर्सा, २७ चैत***

पर्सास्थित नारायणी अस्पतालमा पछिल्लो समय देखिएका सेवा प्रवाहसम्बन्धी कमजोरीहरू सार्वजनिक भएपछि अस्पताल प्रशासनमाथि सञ्चारमाध्यममाथि अंकुश लगाउने प्रयास गरेको आरोप लागेको छ । अस्पतालभित्रका त्रुटिहरू मिडिया तथा सामाजिक सञ्जालमार्फत बाहिरिन थालेपछि प्रशासन दबाबमा आएको र त्यसलाई नियन्त्रण गर्न खोजिएको स्रोतहरूको दाबी छ ।




अस्पतालका एक कर्मचारीले नाम नखुलाउने शर्तमा भने, “अस्पतालभित्रका कमजोरीहरू बाहिर आउन थालेपछि प्रशासन दबाबमा परेको छ, त्यसैले मिडियालाई नियन्त्रण गर्ने प्रयास भइरहेको देखिन्छ ।” उनका अनुसार सेवा प्रवाहमा देखिएका समस्या, व्यवस्थापनको कमजोरी तथा सेवाग्राहीले भोग्नुपरेका कठिनाइहरू सार्वजनिक हुन थालेपछि यस्तो कदम चालिएको हो ।

यसैबीच, बालेन्द्र शाह ले सरकारी निकायहरूमा देखिएका कमजोरी सुधार नगरे ‘राइट टु रिकोल’जस्ता कारवाही अगाडि बढाउने चेतावनी दिएका सन्दर्भमा समेत सम्बन्धित निकायहरूमा त्रास फैलिएको बताइन्छ । सोही पृष्ठभूमिमा आफ्ना कमजोरी ढाकछोप गर्न अस्पताल प्रशासनले मिडियामाथि नियन्त्रण गर्न खोजेको आरोप समेत उठेको छ ।

यद्यपि, अस्पताल प्रशासनले भने सेवा प्रवाहलाई व्यवस्थित बनाउन, अनुशासन कायम राख्न तथा अनावश्यक भ्रम फैलिन नदिन केही व्यवस्थापनात्मक निर्णय गरिएको जनाएको छ । प्रशासनका अनुसार अस्पतालको आन्तरिक प्रणालीलाई व्यवस्थित बनाउने उद्देश्यले मात्रै यस्तो कदम चालिएको हो ।

तर स्थानीय बासिन्दा तथा सेवाग्राहीहरूले भने यसलाई पारदर्शितामाथि प्रहारको रूपमा लिएका छन् । उनीहरूका अनुसार सार्वजनिक सेवा दिने निकायले आलोचना सहने र सुधार गर्ने बाटो रोज्नुपर्नेमा उल्टै सूचना प्रवाहमै नियन्त्रण गर्न खोज्नु गलत अभ्यास हो । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र जनविश्वास अत्यन्त महत्वपूर्ण हुने भएकाले यस घटनाले थप प्रश्न उठाएको छ । सरोकारवालाहरूले यथाशीघ्र स्पष्ट धारणा सार्वजनिक गर्न तथा देखिएका समस्याहरू समाधानतर्फ ध्यान दिन सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

# फतुवा विजयपुर टेंग्राहा स्वास्थ्य चौकीमा महिला स्वयंसेविकाको मासिक बैठक सम्पन्न

रूपेश यादव
रौतहट, २७ चैत

रौतहटको फतुवा विजयपुर नगरपालिका अन्तर्गत टेंग्राहा स्वास्थ्य चौकीमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको मासिक बैठक सम्पन्न भएको छ ।




स्वास्थ्य सह-संयोजक रमेश यादव तथा स्वास्थ्य चौकी इन्चार्ज राजिनन्द दासको निर्देशनमा आयोजित उक्त बैठकमा स्वयंसेविकाहरूले आ-आफ्नो क्षेत्रको मासिक प्रगति विवरण प्रस्तुत गरेका थिए । साथै टोल-समुदायमा देखिएका स्वास्थ्यसम्बन्धी समस्या, चुनौती र समाधानका उपायबारे विस्तृत छलफल गरिएको थियो ।

बैठकमा मातृ तथा शिशु स्वास्थ्य, सरसफाइ, पोषण सुधार तथा जनचेतनामूलक कार्यक्रमलाई अझ प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको थियो । समुदायस्तरमा स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाउन स्वयंसेविकाहरूको भूमिकालाई अझ सक्रिय र प्रभावकारी बनाउने निष्कर्षसमेत निकालिएको छ ।

स्वयंसेविकाहरूले यस प्रकारका नियमित बैठकले कार्यक्षमता अभिवृद्धि हुनुका साथै आपसी समन्वय र अनुभव आदानप्रदानमा सहयोग पुगेको बताएका छन् ।

यस अवसरमा स्वास्थ्य स्वयंसेविकाहरूले आवश्यक सामग्रीको अभाव रहेको उल्लेख गर्दै छाता, ज्याकेट, टर्च, रेनकोट तथा झोलाजस्ता सामग्री उपलब्ध गराइदिन सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

कार्यक्रममा स्वास्थ्यकर्मी दिलीप पटेल, अजय प्रसाद यादव, कार्यालय सहयोगी तेजनारायण यादव, राष्ट्रिय स्वतन्त्र पार्टीका जसमेन्द्र यादव, वडा अध्यक्ष सतीश यादव (गौरव) तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

सुवर्ण गाउँपालिका, कवहीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# हाटबजार ठेक्का अनियमितता विरुद्ध गाउँबासीद्वारा ज्ञापनपत्र पेश

*शु. आ. सम्बाददाता*
*बारा, २७ चैत*

प्रसौनी गाउँपालिका-२ मा सञ्चालन हुँदै आएको हाटबजारमा ठेक्का प्रक्रिया विना नै शुल्क असुली भइरहेको भन्दै स्थानीय गाउँबासी तथा किसानहरूले विरोध जनाउँदै ज्ञापनपत्र पेश गरेका छन् । गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत नविन श्रीवास्तवसमक्ष बुझाइएको ज्ञापनपत्रमा विगत १४ महिनादेखि हाटबजारको ठेक्का विधिसम्मत रूपमा नलगाई अनियमित ढंगले रकम असुली भइरहेको आरोप लगाइएको छ ।



ज्ञापनपत्रमा उल्लेख भएअनुसार केही व्यक्तिहरूले आफूखुसी शुल्क उठाउँदै किसान तथा व्यवसायीलाई डर-त्रास देखाउने गरेको गुनासो गरिएको छ। स्थानीयका अनुसार हाटबजार जस्तो सार्वजनिक स्थलमा पारदर्शी प्रक्रिया अपनाउनुपर्नेमा उल्टै अवैधानिक रूपमा रकम संकलन हुनु गम्भीर विषय भएको बताएका छन्। "हामीले मेहनत गरेर उत्पादन गरेको वस्तु बेच्न ल्याउँदा समेत अनावश्यक दबाब र शुल्क तिर्न बाध्य पारिएको छ," एक किसानले गुनासो गरे ।

ज्ञापनपत्रमार्फत गाउँबासीहरूले उक्त विषयमा निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् । साथै, हाटबजार सञ्चालनलाई कानुनी दायरामा ल्याई पारदर्शी र व्यवस्थित बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

ज्ञापनपत्रमा जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत सम्बन्धित निकायहरूलाई समेत बोधार्थ दिइएको जनाइएको छ । स्थानीयवासीहरूका अनुसार यदि समस्याको समाधान शीघ्र नभए थप कडा आन्दोलनका कार्यक्रम अघि बढाइने चेतावनी समेत दिइएको छ।

# शिक्षक सम्मान र बिदाइ

*शु.आ. सम्बाददाता*
*कलैया, २७ चैत*

श्री नेपाली राष्ट्रिय माध्यमिक विद्यालय, मटिअर्वामा दीर्घ समयदेखि शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका तथा हालै सरुवा भएका शिक्षकहरूको सम्मान तथा बिदाइ कार्यक्रम सम्पन्न भएको छ ।




विद्यालय परिवारद्वारा आयोजित उक्त कार्यक्रममा सरुवा भएर अन्यत्र गएका शिक्षकहरूलाई सम्मानपत्र, मायाको चिनो तथा फूलमालासहित बिदाइ गरिएको थियो । कार्यक्रमका प्रमुख वक्ता तथा विद्यालयका प्रधानाध्यापक रामबाबु कुशवाहाले बिदाइ भएका शिक्षकहरूको योगदानको प्रशंसा गर्दै उनीहरूको आगामी कार्यकाल सफल रहोस् भन्ने शुभकामना व्यक्त गरे ।

कार्यक्रममा दुई वर्षअघि अवकाश प्राप्त बिश्वानाथ साह कानुलाई समेत विशेष सम्मान गरिएको थियो। त्यस्तै, सरुवा भएका शिक्षकहरू–दिपेन्द्र प्रसाद यादव (ब्रामपुरी प्रा.वि.), ॐनाथ प्रसाद यादव (दुर्गा मावि), धर्मराज महतो (नेरा मावि खजानी) र नवीन जसवाल (श्री नेरा मावि कलैया)–लाई सम्मान गरिएको थियो ।

शिक्षक तथा विद्यार्थीहरूले बिदाइ भइरहेका शिक्षकहरूसँग बिताएका अनुभव र सहकार्यको स्मरण गर्दै भावुक वातावरणमा शुभकामना व्यक्त गरेका थिए । बिदाइ भएका शिक्षकहरूले विद्यालयसँगको आफ्नो सम्बन्धलाई अविस्मरणीय भन्दै सम्पूर्ण विद्यालय परिवारप्रति आभार प्रकट गरे। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मो. सबिर मियाँ ठकुराई, सदस्यहरू कपिलदेव साह कानु, रामिता चौरसिया, लालबाबु साह, कोशिला देवी, अभिभावक तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

विद्यालयले यस्ता कार्यक्रमले योगदानको कदर गर्दै संस्थागत संस्कारलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेको छ।

# जिराभवानीमा मध्यरातमा आगलागीः ६ लाख नगदसहित लाखौँको धनमाल नष्ट

*हरि किशोर शर्मा*
*पर्सा, २७ चैत*

पर्साको जिराभवानी गाउँपालिका-१ बलुवा टोलमा बिहिबार राति भएको आगलागीमा एक घर पूर्ण रूपमा जलेर नष्ट हुँदा लाखौँ मूल्य बराबरको धनमाल क्षति भएको छ। आगलागीमा ६ लाख रुपैयाँ नगदसहित घरभित्र रहेका सम्पूर्ण सामग्री खरानी बनेका छन् ।



स्थानीय मोटर मुखिया बिनको घरबाट सुरु भएको आगलागी राति करिब ११:३० बजे भएको प्रहरीले जनाएको छ । लामखुट्टे धपाउनका लागि बालिएको घुर (आगो) बाट आगो सल्किएको प्रारम्भिक अनुमान गरिएको छ। हावा चलेका कारण आगोले छोटो समयमै उग्र रूप लिँदा घरभित्रका सबै सामग्री जलेर नष्ट भएको हो ।

पीडितका अनुसार घर निर्माणका लागि दुई दिनअघि मात्र लघुवित्त संस्थाबाट ऋणस्वरूप ल्याइएको ६ लाख रुपैयाँ नगद समेत आगलागीमा जलेर नष्ट भएको छ। त्यस्तै, आगोमा परेर चार वटा बाख्रा र एउटा गाईको मृत्यु भएको छ भने घरमा रहेका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा तथा करिब १२ थान गहना समेत पूर्ण रूपमा जलेका छन् ।

आगलागी भएको जानकारी प्राप्त हुनासाथ स्थानीय बासिन्दा, प्रहरी चौकी महादेवपट्टी र सशस्त्र प्रहरी बल (बीओपी) महादेवपट्टीको टोली घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएका थिए। सुरक्षाकर्मी र स्थानीयको संयुक्त प्रयासपछि आगो निभाइएको हो । इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीले आगलागीबाट भएको क्षतिको विस्तृत विवरण संकलन गर्ने कार्य जारी रहेको जानकारी दिएका छन् । रातको समयमा भएको आगलागीमा मानवीय क्षति नभए पनि पीडित परिवारको घर तथा सम्पूर्ण जायजेथा नष्ट हुँदा उनीहरू बिचल्लीमा परेका छन्। स्थानीय तह र सम्बन्धित निकायबाट राहत तथा सहयोगको अपेक्षा गरिएको छ ।

# सिमरामा १३७ जनाद्वारा रक्तदान

*बारा, २७ चैत*

जेनजी युथ नेपाल बारा द्वारा सिमरामा आयोजना गरिएको रक्तदान कार्यक्रममा एक सय ३७ जनाले उत्साहजनक रूपमा रगतदान गरेका छन् । सिमरा बिजनेश सेन्टर परिसरमा शुक्रबार सम्पन्न कार्यक्रममा १६ महिला र १२१ पुरुष सहभागी भएका थिए ।




कार्यक्रममा युवाहरूको उल्लेख्य सहभागिता देखिएको थियो । सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा इलाका प्रहरी कार्यालय सिमराले पनि समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सक्रिय सहभागिता जनाएको थियो ।

रक्तदान गर्नेहरूमा इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक दिवाकर गणेश, प्रहरी निरीक्षक प्रकाश थापा, प्रहरी नायब निरीक्षक नवराज दानी क्षेत्री लगायत स्थानीय व्यक्तित्वहरू–उमेश चौलागाईं, ठाकुर खतिवडा, सुजन स्याङतान, द्वारिका पौडेल, सन्तोष दाहाल, निशान श्रेष्ठ, किसन ढकाल, केदार ढकाल, रिता कंडेल, कविता सापकोटा, झलकनाथ भट्टराई, अमृत बस्याल, सुशान्त शाह, बबिन सुब्बा, आयुश न्यौपाने, अस्मित क्षेत्री, मिसन श्रेष्ठ र सुलभ पौडेल–को सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी पर्साले प्राविधिक सहयोग उपलब्ध गराएको उक्त कार्यक्रम जेनजी युथ नेपाल बाराका अध्यक्ष सम्राट उपाध्यायको अध्यक्षतामा सम्पन्न भएको हो ।

आयोजकका अनुसार रगत अभाव न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । यस्ता सामाजिक अभियानले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरिएको छ ।

# मनिहर्वामा महिला भवन निर्माण सुरू

*हरि किशोर शर्मा*
*पर्सा, २७ चैत*

पर्साको पटेर्वा सुगौली गाउँपालिका-५ मनिहर्वामा महिला सामुदायिक भवन निर्माण कार्य सुरु गरिएको छ। शुक्रबार वडाध्यक्ष विपिन मुखियाले विधिपूर्वक पूजा-पाठ गरी भवनको शिलान्यास गरेका हुन् ।



चालु आर्थिक वर्षको वडास्तरीय ५ लाख रुपैयाँ बजेटबाट निर्माण हुन लागेको उक्त भवन महिलाहरूको सामाजिक तथा आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले निर्माण गर्न लागिएको जनाइएको छ। शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै वडाध्यक्ष मुखियाले वडाका महिलाहरूले लामो समयदेखि भेला, बैंक मिटिङ, तालिम तथा अन्य सामाजिक गतिविधि सञ्चालन गर्न उपयुक्त स्थानको अभाव झेल्दै आएको उल्लेख गरे । "स्थानीय आमा-दिदीबहिनीहरूको आवश्यकता र मागलाई मध्यनजर गर्दै यो भवन निर्माण गर्न लागिएको हो," उनले भने, "विकास भनेको केवल संरचना निर्माण होइन, यसले जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनुपर्छ ।"

टोलमै महिला सामुदायिक भवन बन्ने भएपछि स्थानीय महिलाहरू उत्साहित भएका छन् । स्थानीय आशा देवीले वडाध्यक्षले जनताको समस्या बुझेर काम गरेको भन्दै प्रशंसा गरिन्। "यो भवन बनेपछि विभिन्न भेला, तालिम र कार्यक्रम सञ्चालन गर्न सहज हुनेछ," उनले भनिन् । शिलान्यास कार्यक्रममा वडा सदस्य मदन मिश्र, स्थानीय नेता पारस साह, किसनावती देवी, आशा देवी, सम्भु महतो थारु, बैजनाथ महतो थारु, अर्बिन्द मिश्रा, राधा यादव, रोशन चौधरी लगायतको उपस्थिति रहेको थियो। स्थानीयवासीका अनुसार महिला लक्षित पूर्वाधार निर्माणले गाउँस्तरमा महिला सशक्तीकरण र सामुदायिक सक्रियता बढाउने विश्वास लिइएको छ।

# बालेन प्रधानमन्त्री बनेपछि गढीमाई मन्दिरमा ५१४ नरिवल बली

*शु.आ. सम्बाददाता*
*बारा, २७ चैत*

बारा जिल्लाको विश्रामपुर गाउँपालिका-५ इटियाही टोलका एक स्थानीयले आफ्नो भाकल पूरा गर्दै गढीमाई मन्दिरमा ५१४ वटा नरिवल चढाएका छन्। बालेन्द्र साह प्रधानमन्त्री बनेपछि गरिएको यस धार्मिक कार्यले स्थानीय क्षेत्रमा चर्चा बटुलेको छ।



स्थानीयवासी रामअशिष साहले यसअघि गरेको भाकलअनुसार बरियारपुरस्थित गढीमाई मन्दिरमा शुक्रबार विशेष पूजाआजा गर्दै नरिवल चढाएका हुन् । उनले बालेन्द्र साह प्रधानमन्त्री बनेको खण्डमा उहाँको तौलको दुई गुणा नरिवल बली दिने प्रतिज्ञा गरेका थिए। सोही प्रतिबद्धता पूरा गर्दै उनले विधिपूर्वक ५१४ वटा नरिवल चढाएको जानकारी दिएका छन् । साहका अनुसार देशमा नयाँ नेतृत्वमार्फत सकारात्मक परिवर्तन आउने विश्वासका साथ उनले उक्त भाकल गरेका थिए । "भाकल पूरा गर्न पाउँदा निकै खुशी लागेको छ," उनले भने, "अब देशमा राम्रो काम होस् भन्ने अपेक्षा गरेको छु।"

बरियारपुरस्थित गढीमाई मन्दिर धार्मिक आस्थाको प्रमुख केन्द्रका रूपमा परिचित छ । यहाँ भक्तजनहरूले आफ्नो मनोकांक्षा पूरा भएपछि भाकल चढाउने परम्परा रहँदै आएको छ । नरिवल, पशुबली तथा अन्य पूजा सामग्री चढाउने चलन पुरानै भए पनि पछिल्लो समय नरिवल बली दिने प्रचलन बढ्दो क्रममा देखिएको छ। स्थानीय बासिन्दाहरूका अनुसार यस प्रकारका धार्मिक गतिविधिले सामाजिक र सांस्कृतिक परम्परालाई निरन्तरता दिएको छ। यद्यपि, यस्ता घटनाले स्थानीय स्तरमा चर्चा र चासो पनि उत्तिकै बढाउने गरेको छ।

उक्त घटनाले अहिले सामाजिक सञ्जाल तथा स्थानीय समुदायमा समेत व्यापक प्रतिक्रिया पाएको छ। नयाँ नेतृत्वप्रति जनविश्वास, धार्मिक आस्था र व्यक्तिगत संकल्पको संयोजनका रूपमा यसलाई हेरिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका